सभाको १७औं अधिवेशनको बैठक संख्याः १

बैठक मितिः २०८२/०९/२९

आज मिति २०८२ साल पौष २९ गते मंगलवारका दिन ११:०० बजे गुरौंस गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सभा सदस्यहरुको उपस्थितिमा संचालन गरियो ।

प्रमुख अतिथिः माननिय विनोद शाहा मन्त्री कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

तपसिल

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री टोप बहादुर बि.सी. | गाउँपालिका अध्यक्ष | |
| | २ | श्री शिवा कुमारी खड्का | गाउँपालिका उपाध्यक्ष | |
| | ३ | श्री धर्म बहादुर रावल | वडा अध्यक्ष, वडा नं. १ | |
| | ४ | श्री शेर बहादुर रावल | वडा अध्यक्ष, वडा नं. २ | |
| | ५ | श्री काँशिराम शर्मा | वडा अध्यक्ष, वडा नं. ३ | |
| | ६ | श्री खड्क बहादुर शाही | वडा अध्यक्ष, वडा नं. ४ | |
| | ७ | श्री भुपेन्द्र बहादुर चन्द | वडा अध्यक्ष, वडा नं. ५ | |
| | ८ | श्री चन्द्र बहादुर राना | वडा अध्यक्ष, वडा नं. ६ | |
| | ९ | श्री नन्द बहादुर बि.सी. | वडा अध्यक्ष, वडा नं. ७ | |
| | १० | श्री दिपेन्द्र वली | वडा अध्यक्ष, वडा नं. ८ | |
| | ११ | श्री अमृता कुमारी बि.सी. | कार्यपालिका सदस्य | |
| | १२ | श्री बिर्मा वि.क. | कार्यपालिका सदस्य | |
| | १३ | श्री पम्फी वि.क. | कार्यपालिका सदस्य | |
| | १४ | श्री भुमिसरा वली | कार्यपालिका सदस्य | |
| | १५ | श्री कुलबिर वि.क. | कार्यपालिका सदस्य | |
| | १६ | श्री सम्झना कुमारी बुढा | कार्यपालिका सदस्य | |
| | १७ | श्री मन कुमारी रावत | वडा नं. १ गाउँ सभा सदस्य | [illegible] |
| | १८ | श्री हरिकला कामी | वडा नं. १ गाउँ सभा सदस्य | |
| | १९ | श्री नरतम खड्का | वडा नं. १ गाउँ सभा सदस्य | |
| | २० | श्री दान बहादुर दर्लामी मगर | वडा नं. १ गाउँ सभा सदस्य | |
| | २१ | श्री रामशिला वि.क. | वडा नं. २ गाउँ सभा सदस्य | |
| | २२ | श्री टेक बहादुर नेपाली | वडा नं. २ गाउँ सभा सदस्य | |
| | २३ | श्री महाविर बुढा | वडा नं. २ गाउँ सभा सदस्य | |
| | २४ | श्री सोमती कामी | वडा नं. २ गाउँ सभा सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| | २५ | श्री पार्वती विश्वकर्मा | वडा नं. ३ गाउँ सभा सदस्य | |
| | २६ | श्री अम्मर बहादुर सारु मगर | वडा नं. ३ गाउँ सभा सदस्य | |
| | २७ | श्री सुरेन्द्र बहादुर बि.क. | वडा नं. ३ गाउँ सभा सदस्य | |
| | २८ | श्री गोमा चन्द शाही | वडा नं. ४ गाउँ सभा सदस्य | |
| | २९ | श्री गौरा वि.क. | वडा नं. ४ गाउँ सभा सदस्य | |
| | ३० | श्री नगेन्द्र प्रसाद लामिछाने | वडा नं. ४ गाउँ सभा सदस्य | |
| | ३१ | श्री सुरेन्द्र बहादुर वली | वडा नं. ४ गाउँ सभा सदस्य | |
| | ३२ | श्री ललिता वि.क. | वडा नं. ५ गाउँ सभा सदस्य | |
| | ३३ | श्री डम्मर चन्द | वडा नं. ५ गाउँ सभा सदस्य | |
| | ३४ | श्री डम्मर थापा मगर | वडा नं. ५ गाउँ सभा सदस्य | |
| | ३५ | श्री भक्त बहादुर राना | वडा नं. ६ गाउँ सभा सदस्य | |
| | ३६ | श्री गोपाल बुढा | वडा नं. ६ गाउँ सभा सदस्य | |
| | ३७ | श्री प्रेम बहादुर बुढा | वडा नं. ७ गाउँ सभा सदस्य | |
| | ३८ | श्री लक्ष्मण कुमार थापा | वडा नं. ७ गाउँ सभा सदस्य | |
| | ३९ | श्री मन्दिरा कामी | वडा नं. ७ गाउँ सभा सदस्य | |
| | ४० | श्री थाम बहादुर खत्री | वडा नं. ८ गाउँ सभा सदस्य | |
| | ४१ | श्री महेश खत्री | वडा नं. ८ गाउँ सभा सदस्य | |
| | ४२ | श्री विष्णु बस्नेत | वडा नं. ८ गाउँ सभा सदस्य | |
| | ४३ | श्री लक्ष्मी वि.क. | वडा नं. ८ गाउँ सभा सदस्य | |
| | ४४ | श्री डिनायट घर्ती | प्रमुख प्रशासकीय अधिकृत | |

सचिवालय कर्मचारीहरु:

१. श्री भुपेन्द्र भण्डारी - अधिकृत आठौं शिक्षा

२. श्री दिपक के.सी. - लेखा अधिकृत सातौ

३. श्री मदन प्रकाश मल्ल - अधिकृत सातौ

४. श्री खेमराज उपाध्याय – सहायक पाँचौ

५. श्री पुजा रिजाल सहायक पाँचौ

६. श्री पूर्ण बहादुर वली सचिवालय सहायक

Scanned with CamScanner

गुराँस गाउँपालिका गाउँको सभाको १७औं अधिवे[illegible] सभा सदस्य ज्यूहरुको कुल ४४ मध्ये ४१ जना सदस्य ज्यूहरुको उपस्थिति भई गणपुरक संख्या पूर्ण भएकोले निम्न बमोजिमको कार्यसूची सहित सभाको १७ औं अधिवेशनको पहिलो बैठक मिति २०८२ साल पौष २९ गते दिउसो १२:३० बजे गाउँ पालिकाको सभा हलमा सभा अध्यक्ष श्री टोप बहादुर वि.सी.ज्यू को अध्यक्षतामा सभा आरम्भ भई देहायको प्रस्तावहरु माथि निर्णय गरी सभा सम्पन्न भयो।

<u>प्रस्तावहरुः</u>

१) विशेष धन्यवाद प्रस्ताव ज्ञापन सम्बन्धमा।

२) अध्यक्ष ज्यूको प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

३) आ.व. २०८२।८३ को वार्षिक बजेट शिर्षक परिवर्तन, रकमान्तर तथा एकीकरण सम्बन्धमा।

४) गाउँ कार्यपालिकाबाट पास भएका ऐन, निर्देशिका, नियमावली, कार्यविधि अनुमोदन सम्बन्धमा।

५) गाउँ कार्यपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुको सेवा करार नविकरण सम्बन्धमा।

६) राउटे समुदायको रक्षाका लागि सार्वजनिक महत्वको प्रस्ताव सम्बन्धमा।

७) अध्यक्ष ज्यूको निर्देशनमा भए/गरेका कामहररु/कार्यपालिका सबै निर्णहरु अनुमोदन सम्बन्धमा ।

८) विविध।

<u>निर्णयहरुः</u>

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको सभाको १७औं अधिवेशनको पहिलो बैठकमा विषेश सम्बोधन गर्न विशेष वक्ताको रुपमा कर्णाली प्रदेशका प्रदेश <u>भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री माननीय विनोद शाहाज्यूले</u> गुराँस गाउँपालिकाको समग्र विकास लगाएत गाउँपालिकाको आर्थिक वर्ष आ.व. २०८२/०८३ बजेट तथा कार्यक्रम माथि आफ्नो सम्बोधन मार्फत सुझाव प्रदान गरी सभाको गरिमा बढाउने लगाएत गुराँस गाँउ सरकारलाई अभिभावकत्व प्रदान गरेकाले भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयका माननीय मन्त्री विनोद शाह र सभामा उपस्थित सबै अतिथिज्यूहरुलाई गुराँस गाउँ सभाको तर्फवाट हार्दिक धन्यवाद ज्ञापन गर्ने।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आ.व. २०८२/०८३ को अध्यक्षज्यूबाट यस सभामा पेश भएको अर्धवार्षिक प्रगति प्रतिवेदन पारित तथा अनुमोदन गर्ने।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आ.व. २०८२/०८३ निर्धारण गरिएका बजेट तथा कार्यक्रमहरु संचालन गर्न विविध कारणले कार्यान्वयन हुन नसक्ने योजनाको शिर्षक परिवर्तन तथा बजेट रकमान्तरका लागि वडा स्तरको माग, सम्बन्धित शाखाको राय सिफारिस तथा गुराँस गाउँकार्यपालिकाबाट निर्णय भई स्वीकृतिका लागि सभामा गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्काज्यू मार्फत पेश भएकोमा तपसिलमा उल्लिखत विवरणको योजना शिर्षक परिवर्तन, शिर्षक एकीकरण तथा बजेट रकमान्तर गर्ने।

टोप बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

## रकमान्तर

आ.व. : २०८२/८३ रु. हजार[illegible]

घटाउने

| क.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/ तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०६६७५०११०१ | गुराँसे पैदल सिडि तथा रेलिङ निर्माण गुराँस ४ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| २ | ८०६६७५०११०१ | कृषि पशुपन्छि विकास तथा अनुसन्धान केन्द्र संचालन | 31157 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,३८७.९५ | |
| ३ | ८०६६७५०११०१ | हामी बनाउँछौ हाम्रो सडक पहुँच विस्तार कार्यक्रम | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९००.०० | |
| ४ | ८०६६७५०११०१ | महिला सामुदायिक भवन मर्मत चिसापानी | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १००.०० | |
| ५ | ८०६६७५०११०१ | विद्यालयमा शौचालय वडा नं.५ वटा | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,०००.०० | |
| ६ | ८०६६७५०११०१ | सेवा परामर्श खरिद | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,१२२.०० | |
| ७ | ८०६६७५०११०१ | विकास साझेदार संस्था सँग साझेदारी | 31159 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३,५००.०० | |
| ८ | ८०६६७५०११०१ | दलित संजाल भवन निर्माण वडा नं.२ | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ९ | ८०६६७५०११०१ | भौतिक पुर्वाधार निर्माण तर्फ भुक्तानी बाँकी कच्चावारी प्रमाणित २२१ का आधारमा | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,६१६.०५ | |
| १० | ८०६६७५०११०१ | श्रम रोजगार बैंक र प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,५००.०० | |
| ११ | ८०६६७५०११०१ | सेरीखेत सिँचाइ मर्मत तथा निर्माण | 31155 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १२ | ८०६६७५०११०१ | स्थानिय पाठ्यपुस्तक निर्माण तथा छपाइ कक्षा १ देखि ८ | 21139 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५००.०० | |
| १३ | ८०६६७५०११०१ | डिजिटल सेवा तथा एकिकृत प्रविधि सेवा प्रणाली संचालन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,०००.०० | |
| १४ | ८०६६७५०११०१ | दिर्घ रोग सँग सम्बन्धित औषधि खरिद | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,३३९.१० | |
| १५ | ८०६६७५०११०१ | २ पाङ्ग्रे सवारी साधन खरिद( कार्यालय प्रयोजन) | 31121 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७००.०० | |
| १६ | ८०६६७५०११०१ | सामाजिक सुरक्षा कोष | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| १७ | ८०६६७५०११०१ | पदाधिकारी सेवा सुविधा | 21112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५००.०० | |

टोप बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

## रकमान्तर

आ.व. : २०८२/८३

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | ८०६६७५०११०१ | स्वास्थ करार कर्मचारीहरुको पारिश्रमिक | 21111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| १९ | ८०६६७५०११०१ | विभिन्न लक्षित समुह तर्फका लैङ्गिक तथा अल्पसंख्यक समेत | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७००.०० | |
| २० | ८०६६७५०११०१ | गुराँसे मिनी कोल्ड स्टोर संचालन | 31111 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५४३.०० | |
| २१ | ८०६६७५०११०१ | विद्यालय रंगरोगन तथा तारजाली घेराबार | 31154 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५००.०० | |
| २२ | ८०६६७५०११०१ | पालिकाको प्रिफ्याक आवास तथा सिडि निर्माण | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,०००.०० | |
| २३ | ८०६६७५०११०१ | संघ संस्था र सरोकारवाला सँगको वैठक अन्तरक्रिया सेमिनार खर्च | 22711 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७००.०० | |
| २४ | ८०६६७५०११०१ | प्रशासकीय भवनको लागी जग्गा खरिद | 31114 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,५००.०० | |
| २५ | ८०६६७५०११०१ | गुरासँ १० वर्षिय बृहत गुरुयोजना निर्माण शिक्षा, पर्यटन रोजगार पुर्वाधार | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| २६ | ८०६६७५०११०१ | चालु तर्फको भुक्तानी कच्चवारी(२२१) का आधारमा | 22311 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| २७ | ८०६६७५०११०१ | जय जनता मा वि तला निर्माण | 31111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५००.०० | |
| २८ | ८०६६७५०११०१ | धार्मिक सम्पदा मर्मत तथा संरक्षण कार्य | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| २९ | ८०६६७५०११०१ | महिला भवन मर्मत तथा शौचालय व्यवस्थापन सेफ्टी | 31111 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ३० | ८०६६७५०११०१ | गुराँस पुर्ण स्वरोजगार एक वडा एक उद्योग कार्यक्रम | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,०००.०० | |
| ३१ | ८०६६७५०११०१ | नगर प्रहरी तथा सुरक्षा व्यवस्थापन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,९०२. | |
| ३२ | ८०६६७५०११०१ | वडा कार्यालय परिसर करेसा तथा बगैचा व्यवस्थापन | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,५०० | |
| ३३ | ८०६६७५०११०१ | एक वडा एक खेलकुद मैदान | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,०० | |
| ३४ | ८०६६७५०११०१ | पालिका भरका स्वास्थ्य चौकि घेराबार तथा रंगरोगन कार्य | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,० | |
| ३५ | ८०६६७५०११०१ | मालिका मन्दिर मर्मत तथा खानेपानी व्यवस्थापन गुराँस ७ | 31113 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | [illegible] | |
| ३६ | ८०६६७५०११०१ | बुबै राखे तथा परिगाउँ लिफ्टीङ जुम्ली खोर खानेपानी संचालन कार्य | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २ | |
| ३७ | ८०६६७५०११०१ | १० वर्ष गुरुयोजना तथा आयोजना बैंक निर्माण | 22711 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | | |
| ३८ | ८०६६७५०११०१ | पुरात्वतिक महत्वका सम्पदा मर्मत तथा संरक्षण कार्य | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | | |

Scanned with CamScanner

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

## रकमान्तर

आ.व. :२०८२/८३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३९ | ८०६६७५०११०१ | एक घर एक धारा हेल्भाटास साझेदारी | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,०००,०० |
| ४० | ८०६६७५०११०१ | गौरव मार्ग धरमपोखरा देखि पातलखोला निर्माण तथा मर्मत( संघिय समपुरक साझेदारी) | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,६८४,०० |
| ४१ | ८०६६७५०१२०३ | गणेश बाल प्रा वि घेराबार पुनाकोट | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०० |
| ४२ | ८०६६७५०१२०४ | हरियाडाँडा मसान घाट प्रतिक्षालय निर्माण | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००,०० |
| ४३ | ८०६६७५०१२०४ | चिसापानी खानेपानी ट्यांकी निर्माण | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३५०,०० |
| ४४ | ८०६६७५०१२०५ | सडक बाटो सरसफाइ तथा मर्मत सम्भार | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००,० |
| ४५ | ८०६६७५०१२०७ | महिला लक्षित कार्यक्रम खर्च | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००,० |
| ४६ | ८०६६७५०१२०८ | वडा कार्यालय बगैचा व्यवस्थापन तथा सरसफाई | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २५०,० |
| ४७ | ८०६६७५०१२०८ | वडा कार्यालयको लागी घेराबार तथा रंगरोगन | 31113 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००, |
| ४८ | ८०६६७५०१३०३ | बैकल्पिक पानी संकलन तथा रिचार्ज पोखरी | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ६००, |
| ४९ | ८०६६७५०१३०३ | बैकल्पिक आकाशे पानी संकलन घैटो | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९६० |
| | | | | | | | | ६२,८०४ |

**बढाउने**

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/ तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रक |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८०६६७५०११०१ | दोबाटो लिफ्टिङ खानेपानी ( पानी तान्ने मोटर र GI पाइप समेत ) | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३० |
| २ | ८०६६७५०११०१ | कृत्रिम गर्भाधान कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५ |
| ३ | ८०६६७५०११०१ | कृषि घुम्ती सालगत सेवा/ अनुगमन | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १५ |
| ४ | ८०६६७५०११०१ | कृषकको माटो सुधार कार्यक्रम(माटोको नमुना संकलन सम्बन्धी स्थलगत घुम्ती तालिम,माटो नमुना परिक्षण तथा सुधारका लागी कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १ |
| ५ | ८०६६७५०११०१ | लौकाट कुखुरा पालन सम्बन्धि तालिम/सहयोग | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १ |
| ६ | ८०६६७५०११०१ | कृषि अनुसन्धान केन्द्रमा फुलफुल तथा नर्सरी व्यवस्थापन कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १ |
| ७ | ८०६६७५०११०१ | विविध खर्च कृषि विकास तथा पशुपंक्षी शाखा | 22711 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | |
| ८ | ८०६६७५०११०१ | अनुसन्धान केन्द्र ज्यामी ज्याला खर्च | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | |
| ९ | ८०६६७५०११०१ | एक घर एक बगैचा कार्यक्रम ७५ प्रतिशत अनुदानमा हिउदे तथा वर्षे फलफूल बिरुवा कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १ |

Scanned with CamScanner

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

आ.व. : २०८२/८३

रकमान्तर

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | ८०६६७५०११०१ | डल्ले खुर्सानी तथा रुख टमाटर विरुवा वितरण कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| ११ | ८०६६७५०११०१ | डाले घाँस बिरुवा वितरण कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५०.०० | |
| १२ | ८०६६७५०११०१ | ५० प्रतिशत अनुदानमा रैथाने बालिको बिउ वितरण | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १३ | ८०६६७५०११०१ | पशु चौपाया औषधि खरिद | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १४ | ८०६६७५०११०१ | ५० प्रतिशत अनुदानमा कृषि यान्त्रीकरण | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १५ | ८०६६७५०११०१ | कार्यालय व्यवस्थापन इन्धन, मर्मत भ्रमण तथा अनुगमन खर्च( कृषि विकास शाखा) | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ८७.९५ | |
| १६ | ८०६६७५०११०१ | पशु स्वास्थ्य घुम्ति शिविर कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १७ | ८०६६७५०११०१ | पशुपंक्षि औषधि तथा उपकरण खरिद | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४००.०० | |
| १८ | ८०६६७५०११०१ | कृषि अनुसन्धान केन्द्र जग्गा भाडा भुक्तानी | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १५०.०० | |
| १९ | ८०६६७५०११०१ | सडक मर्मत सम्भार कार्यदलको ज्याला | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| २० | ८०६६७५०११०१ | मेसिनरी औजार तथा फर्निचर एण्ड फिक्चर्स वडा नं ४ | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १००.०० | |
| २१ | ८०६६७५०११०१ | नवदुर्गा प्रा.वि.जिविराङ्गु शौचालय निर्माण वडा नं.१ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| २२ | ८०६६७५०११०१ | जय जनता मा.वि.जोरेबाँझ शौचालय निर्माण वडा नं.६ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| २३ | ८०६६७५०११०१ | संगठन तथा व्यवस्थापन सर्वे | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| २४ | ८०६६७५०११०१ | फोहोरमैला व्यवस्थापन तथा सरसफाई रणनीति निर्माण | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| २५ | ८०६६७५०११०१ | स्थानिय तहको सर्वेक्षण Village Profile | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६२२.०० | |
| २६ | ८०६६७५०११०१ | क्षमता विकास योजना निर्माण तथा तालिम समेत | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| २७ | ८०६६७५०११०१ | कार्य व्यवस्थापन प्रणाली - Task Management Systenm) | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| २८ | ८०६६७५०११०१ | सार्वजानिक सुनुवाइ | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३० | |

अध्यक्ष

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

आ.व. : २०८२/८३

## रकमान्तर

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २९ | ८०६६७५०११०१ | क, ख वर्गका अपाङ्गता व्यक्तिको सहायक सामाग्री खरिद एभरेष्ट कल्व साझेदारी | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ३० | ८०६६७५०११०१ | अपांगता समन्वय समितिको वैठक संचालन साझेदारी | 21139 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ३१ | ८०६६७५०११०१ | कृषि व्यवसाय प्रबर्दन आयोजना अन्तर्गत कृषि विकास कार्यालय सँग लागत साझदारी कार्यक्रम | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,०००.०० | |
| ३२ | ८०६६७५०११०१ | ग्रिन जव कार्यक्रम सोसेक नेपाल सँग साझेदारी | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ३३ | ८०६६७५०११०१ | प्राविधिक सिप परिक्षण साझेदारी | 22511 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| ३४ | ८०६६७५०११०१ | मानसिक स्वास्थ्य कार्यक्रम CMC संग साझेदारी | 22711 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ३५ | ८०६६७५०११०१ | टोल विकास संस्था प्रशिक्षक सेवा सुविधा तथा तालिम खर्च सहकर्मी समाज साझेदारी | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५००.०० | |
| ३६ | ८०६६७५०११०१ | शान्ती मा.वि. सेरीको अधुरो भवन निर्माण | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| ३७ | ८०६६७५०११०१ | पुलिया प्रतिक्षालय मर्मत तथा घेराबार गुराँस-६ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५०.०० | |
| ३८ | ८०६६७५०११०१ | चाल्स प्रतिक्षालय निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ३९ | ८०६६७५०११०१ | जिरो प्वाइन्ट प्रतिक्षालय तथा सार्वजनिक शौचालय सियाकोट निर्माण गुराँस-४ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| ४० | ८०६६७५०११०१ | त्रिकुटेश्वर मन्दिर गेट पार्किङ तथा सिडी निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४००.०० | |
| ४१ | ८०६६७५०११०१ | विद्यालय कक्षा कोठा व्यवस्थापन ५ वटा | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,०००.०० | |
| ४२ | ८०६६७५०११०१ | शारदा देउती मन्दिर निर्माण चाल्स | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ४३ | ८०६६७५०११०१ | भ्यू चुला राम मन्दिर सिडी मर्मत तथा घेराबार गुराँस ६ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४००.०० | |
| ४४ | ८०६६७५०११०१ | कालिका मा.वि. गर्चाको अधुरो भवन निर्माण वडा नं. ५ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८००.०० | |
| ४५ | ८०६६७५०११०१ | भगवती मा वि सेफ्टी सुरक्षा पर्खाल निर्माण | 31158 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४००.०० | |
| ४६ | ८०६६७५०११०१ | पालिका घेराबार तथा कलात्मक गेट संरचना निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,०६६.०५ | |
| ४७ | ८०६६७५०११०१ | महादेव मा.वि. गेट देखि प्रहरी चौकी हुँदै खेल मैदान सम्म बाटो स्तरोन्नति | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ४८ | ८०६६७५०११०१ | सेरीवाडा देउतीस्थान मन्दिर प्रतिक्षालय घेराबार तथा गेट निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ४९ | ८०६६७५०११०१ | ब्रह्मा मालिमा मन्दिर सिडि तथा शौचालय निर्माण गुराँस - ५ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ५० | ८०६६७५०११०१ | उच्च शिक्षाको सरोकारवाला निकायसँगको समन्वय वैठक | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००.०० | |

अध्यक्ष

Scanned with CamScanner

# गुरास गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

आ.व. : २०८२/८३

**रकमान्तर**

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | ८०६६७५०११०१ | स्थानिय पाठ्यपुस्तक निर्माण तथा छपाइ | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ५२ | ८०६६७५०११०१ | शैक्षिक भ्रमण तथा सिकाई आदान प्रदान वडा नं. ४ | 22619 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ५३ | ८०६६७५०११०१ | प्राविधिक सीप परीक्षण साझेदारी | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ५४ | ८०६६७५०११०१ | एकिकृत कार्यालय स्थानिय एप संचालन | 22112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००.०० | |
| ५५ | ८०६६७५०११०१ | गुराँस खबर( NEWS PORTAl) व्यवस्थापन | 22711 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००.०० | |
| ५६ | ८०६६७५०११०१ | विद्यालय व्यवस्थापन Software खरिद | 22112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ५७ | ८०६६७५०११०१ | इन्टरनेट महशुल | 22112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ५८ | ८०६६७५०११०१ | सि यु जी सिम महशुल | 22112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ५९ | ८०६६७५०११०१ | राष्ट्रिय परिचय पत्र सम्बन्धी आवश्यक तयारी | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १७०.०० | |
| ६० | ८०६६७५०११०१ | ISP सर्भे तथा Cloud खरिद तथा व्यवस्थापन | 31122 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ६१ | ८०६६७५०११०१ | विद्युत Software खरिद | 22112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ६२ | ८०६६७५०११०१ | LGPAS र अनलाइन नागरिकता सिफारिस प्रणाली तालिम संचालन | 22112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १३०.०० | |
| ६३ | ८०६६७५०११०१ | एकिकृत कार्यालय व्यवस्थापन प्रणाली संचालन सम्बन्धी तयारी तथा तालिम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००.०० | |

टोप बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, देलेख

## रकमान्तर

आ.व. : २०८२/८३

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६४ | ८०६६७५०११०१ | दिर्ग रोगको औषधि खरिद | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | [illegible] | |
| ६५ | ८०६६७५०११०१ | नेपाल रेडक्रस सोसाइटी आँखा शिविर ( संस्था साझेदारी जेष्ठ नागरिक ) | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५०.०० | |
| ६६ | ८०६६७५०११०१ | क र ख वर्गका अपाङ्गता भएका व्यक्तिको लागि सहायक सामग्री खरिद साझेदारी | 22711 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ६७ | ८०६६७५०११०१ | भ्युचुला राम मन्दिरमा वत्ती व्यवस्थापन गुराँस -६ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५०.०० | |
| ६८ | ८०६६७५०११०१ | मेशिनरी तथा औजार खरिद | 31122 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७००.०० | |
| ६९ | ८०६६७५०११०१ | सवारी साधन मर्मत | 22213 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ७० | ८०६६७५०११०१ | गुराँस अस्पतालको तला थप | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५००.०० | |
| ७१ | ८०६६७५०११०१ | भ्रमण खर्च | 22612 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ७२ | ८०६६७५०११०१ | रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम (पालिका साझेदारी ।) | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ८००.०० | |
| ७३ | ८०६६७५०११०१ | रेग बगौरा चट्टान ब्रेक तथा सडक स्तरोन्नति कार्य गुराँस ६ | 31159 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ७००.०० | |
| ७४ | ८०६६७५०११०१ | भैरवस्थान चट्टान ब्रेक तथा मोड सुधार कार्य गुराँस ३ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८००.०० | |
| ७५ | ८०६६७५०११०१ | रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम ( पालिका साझेदारी) | 22522 | प्रदेश सरकार | कर्णाली प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५४३.०० | |
| ७६ | ८०६६७५०११०१ | भैरी राना वन चट्टान ब्रेक तथा सडक स्तरोन्नति कार्य गुराँस ५ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ७७ | ८०६६७५०११०१ | शारदा आ. वि. मा फिल्ड तथा पर्खाल निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७००.०० | |
| ७८ | ८०६६७५०११०१ | कार्यालय इन्धन | 22212 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ७९ | ८०६६७५०११०१ | सभा संचालन खर्च | 22721 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ८० | ८०६६७५०११०१ | लक्ष्मी माध्यमिक विद्यालय रतिखोलामा बस खरिद | 31121 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,०००.०० | |
| ८१ | ८०६६७५०११०१ | रसाइली टोल मन्दिर निर्माण गुराँस ८ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५०.०० | |

टोप बहादुर बि.सी.
अध्यक्ष

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

रकमान्तर

आ.व. : २०८२/८३

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८२ | ८०६६७५०११०१ | पत्लेल वली टोल मन्दिर निर्माण गुरौंस ८ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| ८३ | ८०६६७५०११०१ | डुंगेल मष्टा मन्दिर पुरैनी टोल निर्माण वडा नं.२ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| ८४ | ८०६६७५०११०१ | सिद्दपाइला मर्मत संरक्षण तथा बराहस्थान मन्दिर मर्मत गुरौंस १ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| ८५ | ८०६६७५०११०१ | छोक्रे भगवतिमाइ मन्दिर गुरौंस-६ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०.०० | |
| ८६ | ८०६६७५०११०१ | भुफाल्या खानेपानी योजना वडा नं. १ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ८७ | ८०६६७५०११०१ | वडा नं.८ मा कम्पोष्ट मल उत्पादन उद्योग | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ८८ | ८०६६७५०११०१ | वडा नं.६ मा बास निकाला सामाग्री उत्पादन | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ८९ | ८०६६७५०११०१ | वडा नं.३ मा बिउ बैंक स्थापना तथा संचालन | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ९० | ८०६६७५०११०१ | वडा नं. १ मा अचार उद्योग संचालन | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ९१ | ८०६६७५०११०१ | वडा नं.७ मा माहुरी पालन तथा मह उद्योग | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ९२ | ८०६६७५०११०१ | दुना टपरी उद्योग सञ्चालन वडा नं १ | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ९३ | ८०६६७५०११०१ | वडा नं.२ कंक्रिट उद्योग संचालन | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ६००.०० | |
| ९४ | ८०६६७५०११०१ | पालिका स्तरिय मिनि उद्योग ग्राम स्थापना तथा संचालन | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,०००.०० | |
| ९५ | ८०६६७५०११०१ | नगर प्रहरी ४ जना र कार्यालय सुरक्षा गार्ड १ | 22711 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४०२.०० | |
| ९६ | ८०६६७५०११०१ | मुख्य बजार तथा कडा केन्द्र र पालिका सिमाना सि सि क्यामेरा जडान | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ९७ | ८०६६७५०११०१ | गा.पा. मुख्य बजार तथा सिमाना क्षेत्र सडक सुरक्षा बत्ति जडान | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ९८ | ८०६६७५०११०१ | ६ नं. वडा कार्यालय घेरबार तथा गेट निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| ९९ | ८०६६७५०११०१ | १ नं. वडा कार्यालय घेराबार तथा गेट निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| १०० | ८०६६७५०११०१ | २ नं. वडा कार्यालय तथा स्वास्थ संस्था घेराबार गेट निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४००.०० | |
| १०१ | ८०६६७५०११०१ | ५ नं. वडा कार्यालय घेराबार तथा गेट र फिल्ड निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| १०२ | ८०६६७५०११०१ | मालिका मा वि. खेल मैदान निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४००.०० | |
| १०३ | ८०६६७५०११०१ | टिमिले खोला तटबन्धन खेल मैदान संरक्षण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७५.०० | |

... बहादुर ... 
अध्यक्ष

Scanned with CamScanner

# गुरास गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

### रकमान्तर

आ.व. : २०८२/८३

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०४ | ८०६६७५०११०१ | भगवती मा वि सेफ्टी खेल मैदान | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ६००.०० | |
| १०५ | ८०६६७५०११०१ | सिद्दमालिका खेल मैदान गुराँस ५ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २५.०० | |
| १०६ | ८०६६७५०११०१ | भ्युचुला खेल मैदान स्तरोन्नति तथा व्यवस्थापन गुराँस-६ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १०७ | ८०६६७५०११०१ | गुराँस अस्पताल घेराबार तथा रंगरोगन | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| १०८ | ८०६६७५०११०१ | खड्कावाडा सेरी स्वास्थ चौकी रंगरोगन वडा नं. ३ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १०९ | ८०६६७५०११०१ | लालिकाँडा स्वास्थ चौकी रंगरोगन तथा घेरबार वडा नं. ७ | 31113 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ११० | ८०६६७५०११०१ | मालिका मन्दिरमा खानेपानी निर्माण वडा नं.७ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १११ | ८०६६७५०११०१ | झ्याजे भ्यु चुला लिफ्टिङ खानेपानी योजना गुराँस-६ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,०००.०० | |
| ११२ | ८०६६७५०११०१ | तल्लो डुंङ्गेश्वर खानेपानी थप संचालन गुराँस २ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५००.०० | |
| ११३ | ८०६६७५०११०१ | गाउँपालिका परिसरमा बगैचा सिचाई तथा खानेपानी व्यवस्थापन | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००.०० | |
| ११४ | ८०६६७५०११०१ | बान्द्र खानेपानी थप संचालन गुराँस २ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ११५ | ८०६६७५०११०१ | गुराँस रोजगार बैकं स्थापना | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००.०० | |
| ११६ | ८०६६७५०११०१ | गुराँस गुरुयोजना ( कृषि, शिक्षा. स्वास्थ, रोजगार, आर्थिक विकास) | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ११७ | ८०६६७५०११०१ | गुराँस योजना बैक निर्माण | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ११८ | ८०६६७५०११०१ | स्थानिय खेलाडी प्रतिभा सहयोग | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ११९ | ८०६६७५०११०१ | गुराँस कप पालिका स्तरिय खेलकुद प्रतियोगिता | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८००.०० | |
| १२० | ८०६६७५०११०१ | खेलकुद सामाग्री सहयोग | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४००.०० | |
| १२१ | ८०६६७५०११०१ | गुराँसे भ्यु प्वाइन्ट गुफा मर्मत संरक्षण भ्यु प्वाइन्ट निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १२२ | ८०६६७५०११०१ | पिलाडी जोरेबाँज पौराणिक स्तम्भ तथा शिला संरक्षण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |

बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

गुरास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

## रकमान्तर

आ.व. : २०८२/८३

रु. हजारमा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२३ | ८०६६७५०११०१ | देवल सम्पदा संरक्षण मर्मत तथा निर्माण गुराँस ३ चाल्स | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | [illegible] | |
| १२४ | ८०६६७५०११०१ | सिर्पुगैरा पिलाडी खानेपानी तथा सरसफाइ ( हेल्भटास/ एभरेष्ट क्लब साझेदारी) | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,११८.१९ | |
| १२५ | ८०६६७५०११०१ | दमाहपहरा तिदुरुखमुनी खानेपानी तथा सरसफाई( हेल्भटास/ एभरेष्ट क्लब साझेदारी) | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | [illegible] | |
| १२६ | ८०६६७५०११०१ | ठाँटी काफलमेला,खानेपानी तथा सरसफाइ( हेल्भटास/ एभरेष्ट क्लब साझेदारी) | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८९७.८३ | |
| १२७ | ८०६६७५०११०१ | गुराँस अस्पतालको तला थप | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,०००.०० | |
| १२८ | ८०६६७५०११०१ | छौडेकाँडा झुज खानेपानी तथा सरसफाई( हेल्भटास/ एभरेष्ट क्लब साझेदारी) | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,०३०.६८ | |
| १२९ | ८०६६७५०१२०३ | पुनाकोटमा फिल्ड निर्माण वडा नं.३ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०.०० | |
| १३० | ८०६६७५०१२०४ | सालघारी अलैची पानी ट्यांकी निर्माण वडा नं. ४ | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३५०.०० | |
| १३१ | ८०६६७५०१२०५ | विद्युत लाइन विस्तार कार्यक्रम वडा नं. ५ | 31153 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००.०० | |
| १३२ | ८०६६७५०१२०५ | असौजे आटितडा सडक निर्माण योजना | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| १३३ | ८०६६७५०१२०५ | श्रीचौर सडकमा तारजाली व्यवस्थापन योजना | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५०.०० | |
| १३४ | ८०६६७५०१२०५ | ब्रहमा मालिका मन्दिर फिल्ड निर्माण योजना | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०.० | |
| १३५ | ८०६६७५०१२०७ | लालिकाँडा स्वास्थ चौकी व्यवस्थापन खर्च गुराँस ७ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००. | |
| १३६ | ८०६६७५०१२०८ | वडा नं. ८ को कार्यालय घेराबार तथा रङ्गरोगन | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४५० | |
| १३७ | ८०६६७५०१३०३ | नयाँपानी भङ्ज्याङ टोल खानेपानी एक घर एक धारा गुराँस-१ सेफ्टी | 31156 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ६ | |
| १३८ | ८०६६७५०१३०३ | सालतडा सिँचाई योजना गुराँस-४, | 31155 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९ | |
| १३९ | ८०६६७५०१३०३ | नयाँपानी भङ्ज्याङ टोल खानेपानी एक घर एक धारा गुराँस-१ सेफ्टी( LISP साझेदारी पालिका) | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | | |
| | | | | | | | | | ६ |

**अक्षरेपी : रुपैयाँ बैसठ्ठी हजार आठ सय च**

टोप बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

# गुरास गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
कार्यालयको कोड : ८०६६७५०१३००

### कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

रु. हजारमा

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/२२

| क्र.सं. | संकेत | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८०६६७५०१३००६०१ विविध खर्च खाता | | | | | | | | | | |
| १ | १२२०० | सवारी साधन मर्मत खर्च | २२२१३ | आन्तरिक श्रोत | १ | N/A | ५,०० | ० | ०.०० | ५,०० |
| २ | १२२०० | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | आन्तरिक श्रोत | १ | N/A | ४,४५ | ० | ०.०० | ४,४५ |
| ३ | १२२०० | विविध खर्च | २२७११ | आन्तरिक श्रोत | १ | N/A | ५,०० | ० | ०.०० | ५,०० |
| ४ | १२२०० | आ.व. २०८१/८२ मा LISP तर्फको फिर्ता गर्न बाँकी रकम | २८२११ | आन्तरिक श्रोत | १ | N/A | ७,५५ | ० | ०.०० | ७,५५ |
| ८०६६७५०१३००६०६ सुचना प्रविधि अधिकृतको तलव भत्ता | | | | | | | | | | |
| ५ | ६२२०० | सूचना प्रविधि अधिकृतको पारिश्रमिक ( PLGSP) साझेदारी | २११११ | प्रादेशिक र स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | १ | N/A | २,४० | ५९ | २४.७८ | १,८१ |
| ८०६६७५०१३००६११ CMC नेपाल तलब तथा अन्य | | | | | | | | | | |
| ६ | १२२०० | सि.एम.सि. नेपाल मा कार्यरत कर्मचारीको तलब | २११११ | अष्ट्रेलिया | १ | N/A | १,८९ | ५४ | २८.४४ | १,३५ |
| ७ | १२२०० | सि.एम सि. नेपाललाइ फिर्ता रकम | २८२११ | अष्ट्रेलिया | १ | N/A | ४९ | ० | ०.०० | ४९ |
| ८०६६७५०१३००६१६ स्थानिय तह प्रकोप व्यवस्थापन खर्च | | | | | | | | | | |
| ८ | ६२२०० | प्रकोप पिडितलाइ राहत वितरण | २२५२२ | आन्तरिक श्रोत | १ | N/A | २,२५ | ५१ | २२.६७ | १,७४ |
| | | | | | | कुल जम्मा | २९,०५ | १,६४ | ५.६६ | २७,४० |

टोप बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित शाखा तथा कार्यक्रम कार्यान्वयन ईकाइको आवश्यकता अनुसार सम्बन्धित शाखा तथा विषयगत समितिले तयार गरी गुराँस गाउँ कार्यपालिकाको बैठकबाट पारित भएका देहायका ऐन, नीति तथा कार्यविधिलाई पारित र अनुमोदन गर्ने।

**तपसिल**

१. सहकारी ऐन, २०७४ को पहिलो संशोधन विधेयक, २०८२
२. गुराँस गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२
३. गुराँस गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यविधि, विधयेक २०८२
४. गुराँस गाउँपालिकाको गाउँ सभा सचिवालय स्थापना र कार्यसञ्चालन कार्यविधि, विधयेक २०८२
५. गुराँस गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, विधयेक २०८२
६. सामुदायिक सिकाई केन्द्रमा परिचालिका व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, विधयेक २०८२

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यालयबाट नियमानुसार कार्यसम्पादन मुल्यांकन भई अनुमोदनका लागि पेश भएकाले कार्यसम्पादन मुल्यांकनमा उत्तिर्ण भएका र प्रचलित कानून र परिपत्र समेतलाई आधारमानी कर्मचारीहरुको सेवा करारको लागि मिति २०८२ माघ १ गते देखि लागुहुने गरी म्याद थप गर्ने।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष श्री दिपेन्द्र वलीज्यूबाट पेश भएको अनुसूचिमा उल्लेखित राउटे समुदायको रक्षाका लागि सार्वजनिक महत्वको प्रस्ताव पारित गरी सो कार्यान्वयनका लागि कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस गाँउपालिकाको समग्र विकासका लागि नीति कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न तथा गाउँ कार्यपालिकाको कामलाई छिटो, छरितो, जनमुखी एवं नतिजामुखी, सेवाग्राही मैत्री बनाउन गुराँस गाउँपालिका अन्तरगतका विभिन्न समितिहरु, गाउँ कार्यपालिका बैठक र गुराँस गाँउपालिकाका अध्यक्षज्यूको मौखिक तथा लिखित निर्देशनमा मिति २०८२ साउन देखि २०८२ पौष मसान्त सम्म भए गरेका निर्णयहरु, कामहरु, काम सम्वद्ध खर्च तथा सबै भुक्तानीहरुको अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ८ विविध

प्रस्ताव नं. ८ को विविध प्रस्ताव माथि छलफल गर्दा गुराँस गाँउपालिकाको आगामी आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रभावकारी कार्यक्रम कार्यान्वयन योजना बनाई लागु गर्ने, सभा सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण जन प्रतिनिधि, कर्मचारी पत्रकार तथा सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै अतिथि र सभा सदस्यज्यूहरुलाई यातायात तथा वसाई व्यवस्थापन गर्न सभा सचिवलाई निर्देशन दिने।

सभाको १७औं अधिवेशन पहिलो बैठक संचालनको कार्यसूची

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०९।२९ | बिहान ११:५० बजे | उपस्थिति | सभा सचिवालय। सबै पदाधिकारी | २० |
| | दिउसो १२:३० बजे | सभा अध्यक्षज्यूको आगमन, राष्ट्रिय गान, गुराँस गान बजेपछि बैठक प्रारम्भ तथा आसन ग्रहण | सभा अध्यक्ष। सभा सदस्यज्यूहरु | ५ मिनेट |
| | दिउसो १२:३५ बजे | गाउँ सभा सदस्यज्यूहरुले पालना गर्नुपर्ने नियमबारे जानकारी | सभा अध्यक्ष | १० मिनेट |
| | दिउसो १२: ४५ बजे | गुराँस गाउँपालिकाको हाल सम्मको प्रगति प्रतिवेदन प्रस्तुत | सभा अध्यक्ष | २० मिनेट |
| | दिउसो ०१:०५बजे | ➢ सहकारी ऐन, २०७४ को पहिलो संशोधन विधेयक, २०८२<br>➢ गुराँस गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२<br>➢ गुराँस गाउँपालिकाको बेरुजु फछ्र्यौट | विधयेक समितिका संयोजक श्री नन्द बहादुर वि.सि. | १० मिनेट |

टोप बहादुर बि.सी.
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | कार्यविधि, विधयेक २०८२,<br>➤ गुराँस गाउँपालिकाको गाउँ सभा सचिवालय स्थापना र कार्यसञ्चालन कार्यविधि, विधयेक २०८२<br>➤ गुराँस गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, विधयेक २०८२<br>➤ सामुदायिक सिकाई केन्द्रमा परिचालिका व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, विधयेक २०८२ | | |
| २०८२।०४।२२ | दिउसो ०१:१५ बजे | गुराँस गाउँपालिकाको आ.व. २०८२।०८३ को संशोधित वजेट तथा रकमान्तरण सम्बन्धी प्रस्ताव पेश तथा निर्णयार्थ पेश | उपाध्यक्ष शिवा कुमारी खड्का | १० मिनेट |
| | दिउँसो ०१:२५ | सार्वजनिक महत्वको प्रस्ताव | वडा नं ८ का अध्यक्ष तथा सुशासन समिति संयोजक दीपेन्द्र वली | ५ मिनेट |
| | दिउसो ०१:३०बजे | विशेष सम्बोधन | मा. मन्त्री विनोद शाह | ३० मिनेट |
| | दिउसो ०२:१०बजे | शुन्य समय | कुनै पनि सदस्यहरु | २० मिनेट |
| | दिउँसो ०२:३० बजे | कार्यपालिकाको तर्फबाट जवाफ दिने | समिति संयोजकज्यूहरु | १० मिनेट |
| | दिउसो २:४० बजे | १६ औं गाउँ सभा देखी हालसम्मका कार्यपालिका निर्णयहरु अनुमोदनका लागि पेश। | सभा सदस्यज्यूहरु | ५ मिनेट |
| | दिउँसो ०२:४५ बजे | करार कर्मचारीहरुको म्याद थप सम्बन्धी प्रस्ताव प्रस्तुत, निर्णयार्थ पेश तथा पारित सम्बन्धमा | सभा अध्यक्ष | १० मिनेट |
| | दिउँसो ०२:५० बजे | पेश्की बेरुजु फर्छौट तथा बेरुजु नियमित सम्बन्धमा | सभा अध्यक्ष | ५ मिनेट |

टोप बहादुर वि.सी.
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | दिउँसो ०२:५५ बजे | आ.व. २०८२।०८३ को अर्धवार्षिक खर्चहरुको अनुमोदन | सभा अध्यक्ष | ५ मिनेट |
| | दिउँसो ०३:०० | बैठकको समापन | सभा अध्यक्ष | ५ मिनेट |

उल्लेखित कार्यसूचि अनुसार शुन्य समयमा बोल्न नाम टिपाउनु भएका सभा सदस्य ज्यूहरुलाई आफ्नो धारणा राख्न सभा अध्यक्ष ज्युले समय उपलब्ध गराउनु भयो । शुन्य समयमा बोल्ने गाउँ सभा सदस्य ज्यूहरुले देहाय बमोजिमको धारणाहरु मार्फत विकासमा दिगो पना, शासकीय सुधार र सुशासन प्रवर्द्धन गर्न गुराँस सरकारको ध्यानकार्षण गराउनु भयो।

१) उपस्थित गाउँसभा सदस्यहरुको तर्फवाट सभा सदस्य श्री महेश खत्रीले राख्नुभएको धारणा:

- शिक्षा शाखाबाट हाल सम्मको प्रगति प्रतिबेदन माग
- गुराँस कृषि क्याम्पसको भवन निर्माणको हालको अवस्था वारे जानकारी माग
- खानेपानी तथा सिचाईको काम उपभोक्ता द्धारा नगरी टेन्डरको किन गरिनुको कारण माग
- पहिलो अर्धबार्षिक योजनाको चालु खर्च वढी र पुजिगत खर्च किन वढी भएको जानकारी माग
- कृषि शाखा द्धारा गरीएका कामको प्रभावकारीता नभएको

२) उपस्थित गाउँसभा सदस्यहरुको तर्फवाट सभा सदस्य श्री गोपाल बुढाले राख्नुभएको धारणा:

- सडक र विद्युतमा विस्तारमा सबै स्थानहरुमा पहुच पुर्याउनु पर्ने।
- वडागत रुपमा कर्मचारी व्यबस्थापनमा ध्यान दिन पर्ने
- अधुरा विद्यालय निर्माणमा पुर्णता दिन पर्ने।
- सडक स्वयम सेवक व्यवस्थापन र परिचलान प्रभावकारी हुनु पर्ने।
- एक घर एक धाराको अवधारणा सबै वडाका स्थानहरुमा पुर्याउन पर्ने

३ उपस्थित गाउँसभा सदस्यहरुको तर्फवाट सभा सदस्य श्री नगेन्द्र लामिछानेले राख्नुभएको धारणा:

- गुराँसे पातिकाल्ना हुदै तल्लो डुङ्गेश्वरको निर्माण अवस्था वारे जानकारी माग।
- कृषि विकास सम्बन्धीका ठोस कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनु पर्ने।
- कार्यक्रमहरु प्रभावकारी हुनुपर्ने।

कर्णाली प्रदेश सरकारका भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयका माननीय मन्त्री विनोद शाहाज्यूले गुराँस गाउँ सभाको १७औं अधिवेशनको पहिलो बैठकलाई विशेष सम्बोधन गर्दा राखेको धारणा:

- गुरास गाउँ पालिकाले गरेको आतिथ्यताको लागी धन्यवाद प्रकट।
- कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वन भएमा देशको नमूना पालिका बन्न सक्ने सम्भावना।

टोप बहादुर बि.सी.
अध्यक्ष

- देशमा प्रयास सुशासन नभएकोमा पालिकाले विशेष पहलमा नमुना योग्य कामहरु भएकाले यसका लागि धन्वादको पत्र गाउँपालिका रहेको
- वेरुजु निर्मुलीकरणको लागी गरेको काम सहानीय रहेको
- गुराँसको सकारात्मक व्यवस्थापकिय प्रभावले समग्र दैलेखको प्रतिनिधित्त्व गर्ने।
- घरघरमा धारा अभिभारा कार्यक्रम उत्कृष्ठ रहेको
- कर्णाली प्रदेशकै गुराँस गाउँपालिका गरिवी भोकमरीले मारमा परेको पालिका नभई यो सम्भावनाको खानी रहेकोले सोको उपयोग गर्नु पर्ने।
- प्राकृतिक स्रोत जलस्रोत जडिवुटी आदीको हवको रुपमा रहेको
- पहिले आर्थिक सुचकाङ्कमा पछाडी रहेको कर्णालीले विस्तारै फट्को मार्न लागेको अनुभूती रहेको
- ८ वटा वडाको नमुना झल्को दिने नक्सा र झण्डाले नयाँ रुप दिएको काम उत्कृष्ठ रहेको
- गाउँपालिकाको व्यवस्थापन र सजावट नमुना योग्य भएको
- आफ्नो वडा बाहेकको वडाहरुमा परेका योजनाहरुको बारेमा जानकारी समेत राख्न आग्रह
- अर्को वर्ष पनि यसरी नै पालिकाको अधिवेशनमा आउन पाम भनि पुनः पनि पालिकाले निमन्त्रणा गरेकोमा धन्यवाद प्रकट सहित मन्तव्य अन्त्य

प्रतिवद्धता:

- बेरुजु नियन्त्रण, साझेदारी तथा असुल उपर, उपुरा योजना पुरा गर्ने
- आफ्नो तर्फबाट दिनसक्ने सबै सहयोग सुझाव दिन सक्ने र दिन तयार रहेको
- आफुले संघ सरकार र प्रदेश सरकार संग गुराँस गाउँपालिकाको समग्र विकासको लागी सहयोगी कार्य गरेको
- ईमान्दार कर्मचारी जनप्रतिनिधहरु र पालिकालाई प्रोत्साहन गर्न प्रदेश मुख्य मन्त्री कार्यालयमा माग गर्ने।
- गुराँस सरकारको सदा साथमा रहने।
- कृषि क्षेत्रबाट नै गुराँस समृद्ध वन्ने विभिन्न आधार भएकाले ल्याव संचालनमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता।

## गुराँस गाउँ सभाको १७ औं अधविशनमा पेश भएको सारवजनकि महत्वको प्रस्ताव

गुराँस गाउँपालिका, ८ नम्बर वडाको रुपमा सूचिकृत राउटे समुदायको विषयमा म चर्चा गर्न खोज्दै छु। पछिल्लो समय हाम्रो राउटे समुदायको विषयमा केही सत्य र कतिपय अफवाहपूर्ण जानकारीहरू सार्वजनिक भइरहेका छन्। म सर्वप्रथम राउटेको विषयमा केही अग्रज, कतिपय राउटे समुदायका अगुवा लगायतले प्रदान गरेको जानकारीको आधारमा मेरा कुरा तपाईँमाझ प्रस्तुत गर्दैछु। हामीले राउटे समुदायको विषयमा नयाँ कदम नलिने हो भने समुदायको साँस्कृतिक पहिचान त मेटिँदै जाने छ नै। अझ यस समुदाय विस्तारै परनिर्भर हुने र अन्त्यमा संकटमै जाने छ। राउटे समुदायसँग म मेरो बाल्यकाल देखि नै नजिकमा छु।

राउटे को हो ?, के हो राउटे ? राउटे नेपालको धेरै विविधताभित्रको एउटा आफ्नै मौलिक विविधतायुक्त समुदाय हो। धेरै अचम्म नमानौं वा अचम्म मानेजस्तो पनि नगरौं। यो समुदायमा पनि मान्छे नै बस्छन्। जहाँ शाही ठकुरी जातका नागरिक छन्। शाही ठकुरीभित्र पनि कलेल, राष्कोटी र स्ववंशी। राउटेको आफ्नै किसिमको जीवनशैली छ। राउटे कहाँका स्थानीय नागरिक ? भनेर पनि बहस नगरौं। उनीहरु नेपाली नै

टोप बहादुर बि.सी.
अध्यक्ष

Scanned with CamScanner

हुन्, नेपालमै बस्छन् र उनिहरु बस्ने साविकको मध्यपश्चिमाञ्चल क्षेत्रका वन जंगल नै हुन्। हामीले थाह
पाएको राउटेले कहिल्यै पनि झुटो बोल्दैनन्। उनीहरु बचनका पक्का हुन्छन् र अरुबाट पनि पक्का बचनको
अपेक्षा गर्दछन्। एक पटक केही कुरा बोले बोली फिर्ता गर्दैनन् हामी जस्तो। उनीहरुले जति ठूलो काठको
भाँडो ल्याउँथे त्यही भाँडोमा भरेर अन्न लिएर जान्थे वा त्यही भाँडोको फेरो लगाएर कपडा दिनुपर्थ्यो। हाम्रो
समुदाय र उनिहरुको रहनसहन फरक त थियो नै, तर सम्बन्ध मित्रवत् थियो। उनीहरु पहिला 'रकम/पैसा
छुन हुँदैन, पाप लाग्छ' भन्थे। 'जाँडरक्सी खानु हुँदैन देवता रिसाउँछन्' भन्थे। बजारका सामान किनेर प्रयोग
गर्दैनथे। आफ्नो लागि आफैले उत्पादन गर्थे। अर्को अर्थमा भनौं कि उनीहरु आत्मनिर्भर थिए। तर अहिले
अवस्था बदलिएको छ।

अब राउटेहरु साँच्चिकै राउटे रहेनन्। आफ्नो सीपले काठका सामग्री तयार गर्ने जाँगर बिस्तारै मर्न
थालिसक्यो। जसका कारण राउटेहरु 'माग्ने' भइसके। काम गर्न छोडिसकियो, खानु त पर्‍यो। राउटेहरु
फरक समुदायका मानिस देख्नासाथ रकम/पैसा माग्न सुरु गरिहाल्छन्। जाँडरक्सी राउटे समुदायका
नागरिकको नियमित सेवन गर्ने पानीसरह नबन्ला भन्न सकिन्न। चाहे बालक वा युवा, बुढाबुढी नै किन नहुन्
सबैजसो रक्सीमा मात्तेको अवस्थामा भेटिन्छन् भन्ने गुनासो बढ्दै छ। उनीहरुलाई बचन र अडानका पक्का
होइन पैसा र रक्सीका लागि जे पनि भनिदिने र जे पनि गरिदिने खालको एक प्रकारको 'हाउडे' बनाइयो।
कतिपयको कन्टेन्ट क्रियशन र मनरन्जनको साधन राउटेलाई बनाइँदै छ। नेपाल धेरै जातजाति, धर्म,
संस्कृती, रितिरिवाज, चालचलन, परम्परा, भाषा, भेषभुषाको विविधितायुक्त देश हो। संसारमा नेपालजस्तो
विविधतायुक्त देश कुनै छ जस्तो लाग्दैन। यहाँ पूर्व क्षेत्रमा एउटा किसिमको भेषभुषा, भाषा, लवज, रितिरिवाज,
चालचलन, परम्परा छ। पश्चिमतर्फ अर्कै। नेपालको माथिल्लो भाग (हिमाल) मा एउटा, किसिमको अल्लि
तलतिर (पहाड) फरक। तराई मधेसमा फरकै किसिमको। त्यती धेरै टाढाको कुरा नगरौं, वल्लो गाउँ–
पल्लो गाउँ, तल्लो गाउँ–माथिल्लो गाउँमा समेत फरकपन देख्न सकिन्छ। यही त हो हाम्रो नेपाली भनेर गर्व
गर्ने 'चिज'।

सभाध्यक्ष महोदय, २०५८ को जनगणनामा करिब एक हजार जनाभन्दा धेरैको संख्यामा छन् भनिएका राउटे
समुदायका नागरिकहरु पछिल्लो केही वर्षभित्रै घटेर साढे एक सय समेत पुग्न सकेका छैनन्। राउटे
समुदायको आफ्नै किसिमको भेषभुषा, भाषा, कला संस्कृती र रितिरिवाज छ। तर पछिल्लो समय यी सबै
कुराहरुमा आक्रमण भइरहेको छ। जंगल तर अन्य मानव बस्तिसँगै बस्ने, काठका कोशी/मधुस बनाउने,
मेसिनमा सिलाइएका कपडाहरु नलगाउने, आफ्नै भाषा बोल्ने, अरुसँग बोल्दा फरक लवजले बोल्ने, विवाहबारी
आफ्नै समुदायभित्रका फरक गोत्रमा मात्रै गर्ने, खाद्यन्नको उपलब्धता, प्राकृतिक स्रोतको उपलब्धता र
सरसफाई लगायतको कारण विभिन्न ठाउँमा बस्ति सर्ने, मुखिया प्रथामा संरचना सञ्चालन हुने भएकै कारण
उनीहरु अन्य समुदायभन्दा फरक भए। अन्य समुदायभन्दा फरक भएकै कारण राउटेहरु 'राउटे' भए। सत्य
यही त हो। तर, कतिपय सरकारी संरचना, केही गैरसरकारी निकाय र कतिपय अभियन्ता भनिनेहरुले "स्थायी
घर बनाइदिन्छौं, हामीजस्तै कोट पाइन्ट लगाइदिन्छौं।" भनेर उनीहरुसँग कुरा गरेको मैले पनि सुन्छु र
बेस्सरी हाँसो उठेर आउँछ। अझ फड्को उठ्छ। राउटे समुदायको संस्कार, संस्कृतिक र परमपरालाई
जोगाउँदै गास र बासलाई सुरक्षित कसरी बनाउने भन्ने विषयमा बहस त चलेको कमैमात्र देख्छु। संस्कार,
संस्कृति र परमपरा मासियो भने कसरी र कसलाई भन्ने 'राउटे' ?, के एउटा विविधतायुक्त समुदायको अस्तित्व

टोप बहादुर वि.सी.
अध्यक्ष